"शिक्षा स्वास्थ्य पर्यटन र व्यापारिक पूर्वाधार; बहुसाँस्कृतिक आवासीय समृद्ध सहर"

# धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY

## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE

धरान, सुनसरी, कोशी प्रदेश, नेपाल

प.सं ०८०/८१
च.नं. ६८८२

मितिः २०८१/२/२२
ने सं ११४४ बछलागा १३ मंगलबार

### सामाजिक सुरक्षा भत्ता नवीकरण BIOMETRIC VERIFICATION अनिवार्य गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना

१. प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च. नं ३८५ मिति २०८१/१/२४ गतेको पत्र बमोजिम देशै भरीका वडा कार्यालयहरुमा चरणबद्ध रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको आगामी आ.व. २०८१/८२ देखि नविकरण गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification (औठाछाप सहितको प्रमाणिकरण) अनिवार्य गरिएको छ । जसअनुसार धरान उपमहानगरपालिका सगै सुनसरी जिल्लाका १२ वटै पालिकाहरु पहिलो चरणमा परेका छन ।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले हालसम्म पनि राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त नगरेको भए इलाका प्रशासन कार्यालय धरानबाट प्राप्त गर्नु गराउनुहुन र पहिले नै प्राप्त गरेको भए दर्ता निस्सा नम्बरको आधारमा विभागको वेवसाइट http://citizenportal.donidcr.gov.np मा गई आफ्नो विवरण भरी राष्ट्रिय परिचयपत्र नम्वर यकिन गर्न सकिनेछ वा निस्साको अन्तिममा लेखिए बमोजिम SMS मार्फत पनि राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भए/ नभएको यकिन गर्न सकिनेछ । राष्ट्रिय परिचयपत्र नम्बर यकिन गर्ने सम्बन्धमा सम्वन्धित व्यक्तिले इन्टरनेटको माध्यमबाट आफैले हेर्न सक्ने र हेर्न सम्भव नभए आफ्नो वडा कार्यलय तथा धरान उपमहानगरपालिकाको सामाजिक सुरक्षा तथा पंजिकरण शाखामा सम्पर्क गर्न सकिनेछ ।

३. राष्ट्रिय परिचयपत्रमा ENROLLMENT नभएका (नम्बर प्राप्त गर्नका लागि आवेदन नदिएका वा अन्य कारणले नम्बर प्राप्त नभएका) लाभग्राहीहरुको BIOMATRIC VERIFICATION नभए आगामी आ व २०८१/८२ का लागि सामाजिक सुरक्षा भत्ता नवीकरण नहुने भएकोले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भए / नभएको यकिन गर्नु गराउनु हुन र प्राप्त नभएको खण्डमा इलाका प्रशासन कार्यालय धरानबाट आवश्यक सक्कल कागजात सहित व्यक्ति स्वयम् उपस्थित भई परिचयपत्र नम्वर प्राप्त गर्नु गराउनुहुन समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

४. यस अघि विभागको मिति २०८०/७/१९ को च. नं २४३ को पत्रमा बुँदा नं ४ बमोजिम १६ बर्ष माथिका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नयाँ नाम दर्ता गराउँदा नै राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य समावेश गर्नुपर्ने प्रावधान गरिसकेको व्यहोरा समेत पुन: जानकारी गराइन्छ ।

५. प्रचलित कानून बमोजिम वितरण गरिदै आएको सामाजिक सुरक्षा भत्तालाई वास्तविक लाभग्राही समक्ष पु-याउने र दोहोरो सुविधा प्राप्त गर्ने तथा दोहोरो दर्ता हुनसक्ने सम्भावनालाई समेत रोक्नका लागि नेपाल सरकारद्धारा जारी गरिएका यस किसिमका प्रावधान एवम् कार्यक्रमहरुलाई सफल बनाउनका लागि आफ्नो वडामा रहेका सम्पूर्ण लाभग्राहीहरुलाई व्यापक रुपमा सूचना सम्प्रेषण गरी जानकारी गराउन सहयोग गरिदिनुहुन वडा अध्यक्ष लगायत जनप्रतिनिधि ज्यूहरु, सामाजिक संघसंस्था, टोल बिकास समिति लगायत सरोकारवालाहरुमा अनुरोध छ ।

जुनु राई
महिला बिकास अधिकृत
आठौं तह

अवगतार्थ
श्री नगर प्रमुख ज्यूको सचिवालय
श्री नगर उप-प्रमुख ज्यूको सचिवालय

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०८०/८१
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३८५

सामाजिक सुरक्षा शाखा

मिति : २०८१/०१/२४
ने.सं. ११४४ चौलागा १३

श्री स्थानीय तहहरु सबै (७५३),
श्री वडा कार्यालयहरु सबै (६७४३)।

**बिषय:- Biometric Verification अनिवार्य गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस विभागको मिति २०८१/०१/१७ को निर्णयानुसार संलग्न वमोजिमका स्थानीय तहमा चरणवद्ध रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकोले सोको लागि आवश्यक पर्ने देहायका कार्यहरु गर्न गराउन आवश्यक व्यवस्था मिलाउनुहुन अनुरोध छ ।

देहाय:

१.सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको राष्ट्रिय परिचय नम्वर प्राप्त गरी नसकेको भए नजिकको Enrollment Station मा गई Enrollment गर्न आवश्यक सहजिकरण तथा जानकारी गर्नु गराउनुहुन ।

२.राष्ट्रिय परिचय पत्र Enrollment भएका तर राष्ट्रिय परिचय नम्वर (NIN ) प्राप्त नभएका लाभग्राही भएमा सेवा इकाईवाट http://citizenportal.donidcr.gov.np/CitizenPortal/ लिङ्कमार्फत नम्वर प्राप्त गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउनुहुन।

३.दोस्रो चरण मिति २०८१/१०/०१ गते देखि Biometric Verification अनिवार्य गरिएका स्थानीय तहले विभागले उपलव्ध गराउने नमूना Specification अनुसार Biometric Scanner Device व्यवस्थापन गर्नुहुन।

वोधार्थ:

श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

श्री जिल्ला प्रशासन कार्यालय सबै – सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी Enrollment गर्ने व्यवस्था मिलाउनुहुन।

श्री इलाका प्रशासन कार्यालय सम्वन्धित सबै - सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीलाई प्राथमिकतामा राखी Enrollment गर्ने व्यवस्था मिलाउनुहुन।

(जुना खड्का खत्री)
शाखा अधिकृत